# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०३।२८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कञ्चनपुर लालझाडी गाउँपालिका वडा नं. ४ स्थित बैजनाथ बहुभाषिक आधारभूत विद्यालय डाङाजाईको हाताभित्र रहेको जमिन गैरकानूनी रुपमा उत्खनन् गरी माटो स्थानीय ईटा उद्योगहरुलाई बिक्री गरी सार्वजनिक सम्पत्ति दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला कञ्चनपुर लालझाडी गाउँपालिका वडा नं. ४ स्थित बैजनाथ बहुभाषिक आधारभूत विद्यालय डाङाजाईको हाताभित्र आर्थिक वर्ष २०७६/०७७ मा र आ.व. २०७७/०७८ मा माटो उत्खनन् गरी जमिन समथर र पोखरी निर्माण गर्दा तत्कालीन प्रदेश सरकारको आर्थिक ऐन, २०७६ को दफा ८ बमोजिमको अनुसूची-६ र सुदुरपश्चिम प्रदेश आर्थिक ऐन, २०७७ को दफा ८ बमोजिमको अनुसूची-६ ले तोके बमोजिमको करबापतको माटोको जम्मा रकम रु.७,२९,५१४.५० (सात लाख उनान्तीस हजार पाँच सय चौध रुपैया पचास पैसा) बराबरको सरकारी रकम हिनामिना/हानिनोक्सानी गरेको पाइएको हुँदा उक्त भ्रष्टाचारजन्य कार्यमा संलग्न रहेका देहायबमोजिमका प्रतिवादीहरु उपर देहायबमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष लक्ष्मण राना | बैजनाथ बहुभाषिक आधारभूत बिद्यालय | रु.७,२९,५१४।५० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना र सोही उपदफाको देहाय (ङ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन समेत मागदाबी लिइएको छ। |
| २. | प्रधानाध्यापक सुरेन्द्र बहादुर वोहरा | बैजनाथ बहुभाषिक आधारभूत विद्यालय | रु.७,२९,५१४।५० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना र सोही उपदफाको देहाय (ङ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन समेत मागदाबी लिइएको छ। |
| ३. | उद्योगका मेनेजर (व्यवस्थापक) राजेन्द्र बहादुर भाट | न्यू भगवती ईटा उद्योग | रु.४,११,६०६।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक व्यवस्थाबमोजिमको कसुरमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांशको |

| | | | | |
|---|---|---|---|---|
| | | | | प्रावाधान बमोजिम मुख्य प्रतिवादीलाई हुने सजाय सरह निजलाई भ्रष्टचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना र सोही उपदफाको देहाय (घ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन समेत मागदाबी लिइएको छ। |
| ४. | उधोगका प्रोपराइटर धन बहादुर बिष्ट | सिद्ध वैजनाथ ईटा उधोग | रु.३,१७,९०८।५० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक ब्यबस्था बमोजिमको कसुरमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांसको प्रावाधान बमोजिम मुख्य प्रतिवादीलाई हुने सजाय सरह निजलाई भ्रष्टचार निवारण ऐन,२०५९ को दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना र सोही उपदफाको देहाय (घ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन समेत मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता

देवी प्रसाद थपलिया